VERMONT
DEPARTMENT OF HEALTH

# बालबालिकाको निजी स्याहार सेवा (CPCS) COVID-19 को प्रतिक्रिया स्वरूप कार्यक्रममा आएका परिवर्तनहरू

## संक्षिप्त विवरण

बालबालिका CPCS का लागि योग्य हुन्छन् किनकि उनीहरूलाई दैनिक जीवनका गतिविधिहरू (ADL) मा अतिरिक्त सहायता आवश्यक पर्दछ । COVID-19 को कारणले जनस्वास्थ्य आपत्कालीन अवस्थाको कारणले परिवारहरूले कोरोनाभाइरसको सम्पर्कमा आउने जोखिम बढेको कारणले बाहिरी प्रदायकबाट थप सहायतामा पहुँच प्राप्त गर्न नपाउन हुन सक्छ ।

स्याहारमा थपिएका यी अवरोधहरू प्रतिको प्रतिक्रिया स्वरूप, भर्मोन्ट मानव सेवा एजेन्सीले मेडिकएड तथा मेडिकेयर केन्द्र (CMS) लाई CPCS सहितका बालबालिकाका अभिभावक र परिवारका सदस्यहरूलाई उनीहरूले प्रदान गरिरहेका अतिरिक्त निजी स्याहार वापत भुक्तानी प्राप्त गर्ने अनुमतिका लागि छुटको लागि अनुरोध गरेको छ । यो CPCS सञ्चालन गर्ने संघीय नियमहरूमा गरिएको उल्लेखनीय, तर अस्थायी परिवर्तन हो ।

## यसले कसरी काम गर्दछ ?

बच्चाको परिवारले निर्धारण गरेका एक अभिभावक, वा अर्को स्याहारकर्ताले जनस्वास्थ्य आपत्कालीन अवस्थामा उनीहरूले प्रदान गरिरहेको अतिरिक्त निजी स्याहारका लागि पाक्षिक रूपमा भुक्तानी प्राप्त गर्न सक्नेछन् ।

भुक्तानीको रकम बच्चाको साप्ताहिक रूपमा विनियोजित CPCS घण्टाको आधारमा गणना गरिन्छ, जुन आधारभूत मेडिकएड दर ($13.74 प्रति घण्टा) मा कायम गरिएको हुन्छ । यो व्यवस्था CPCS का लागि सामान्यतया अपनाइने रोजगारदाता-कर्मचारी मोडेल भन्दा फरक छ ।

अभिभावकहरूले हरेक दुई-दुई हप्तामा ARIS सलुसन्सलाई बीजक बुझाउनेछ जसमा केही आधारभूत विवरण समावेश गरिएको हुन्छ, जस्तै स्याहार प्रदायकको नाम, उनीहरूको बच्चासँगको नाता, मिति दायरा र प्रदान गरिएको समयावधि । बीजकको प्रतिलिपि ARIS वेबसाइटबाट डाउनलोड गर्न सकिन्छ । प्रतिलिपिहरू ARIS ले अर्को चरणको पाक्षिक खर्च रिपोर्टमा हुलाकको शुल्क तिरिएको फिर्ती खामसँग पठाउनेछ ।

बच्चाको हालको CPCS विनियोजनबाट भुक्तानी गरिनेछ ।

अद्यावधिक गरिएको 5/5/2020

VERMONT
DEPARTMENT OF HEALTH

**यो छूट मार्च 15, 2020, भर्मन्ट स्कूलहरू बन्द गर्ने आदेश आउनुभन्दा पहिलेको आइतवारदेखि लागू हुन्छ ।** यसको अर्थ आमाबाबुहरूले अतिरिक्त स्याहारका लागि मार्च 15, 2020 देखिको बीजक पेश गर्न सक्नेछन् ।

## अपेक्षित प्रश्नहरू

के म अझै पनि अन्य निजी स्याहारकर्ताहरू (PCA) प्रयोग गर्न सक्छु ?

हो । यदि परिवारले बाह्य PCA बाट सहायतामा पहुँच राख्ने निर्णय गरेमा, यसले अस्थायी छूटको माध्यमबाट अभिभावक र स्याहारकर्ताहरूलाई भुक्तान गर्न उपलब्ध कोष रकमलाई असर गर्नेछ ।

म हप्तामा कति घण्टा प्रयोग गर्न सक्छु ?

अस्थायी छूटको माध्यमबाट रकम प्राप्त गर्ने निर्णय गर्ने अभिभावक र स्याहारकर्ताहरूले उनीहरूको बच्चा पहिले प्रति हप्ता जति घण्टाको लागि योग्य पाइएका थिए, त्यति रकम भुक्तान गर्न सकिन्छ ।

यद्यपि, अभिभावकहरूले बाह्य PCA का लागि रकम बचाउनका लागि साप्ताहिक कुल रकम भन्दा थोरै घण्टा भुक्तानी प्राप्त गर्ने छनोट गर्न सक्नेछन् । ARIS बीजक फारममा अभिभावकहरूले उनीहरूका बच्चाको साप्ताहिक सीमासम्म उनीहरूले प्राप्त गर्ने भुक्तानी घण्टा संकेत गर्न सक्नेछन् ।

के मैले यी भुक्तानीहरू मेरो कर विवरणमा रिपोर्ट गर्नुपर्छ ?

पर्छ । CPCS COVID भुक्तानीमा पहुँच प्राप्त गर्ने अभिभावक तथा परिवारका सदस्यहरूलाई ARIS सलुसन्सद्वारा जनवरी 31, 2021 भित्र आवश्यक कर रिपोर्टिङ फारामहरू उपलब्ध गराइनेछ ।

यो छूट कहिलेसम्म लागू हुन्छ ?

संघीय सरकारद्वारा घोषित गरीए बमोजिम जनस्वास्थ्य आपत्कालीन अवस्थाको अवधिभर ।

यदि मैले ARIS सलुसन्समा हालसम्म रोजगारदाताको रूपमा दर्ता गरेको छैन भने के हुन्छ ?

यी भुक्तानीहरू रोजगारीको रूपमा प्रदान गरिएको होइन । यद्यपि ARIS र प्रान्तका कागजात सम्बन्धी मापदण्ड पूरा गर्न तपाईंले अझै पनि पाक्षिक बीजकको साथसाथै "CPCS बाल-अभिभावक नाता सम्बन्ध फारम" पूरा गर्नुपर्छ ।

VERMONT
DEPARTMENT OF HEALTH

के म अग्रिम बीजक पेश गर्न सक्छु ?

होइन । मेडिकएडको नियम बमोजिम प्रदान गरिसकेका सेवाहरूको लागि मात्र भुक्तानी गर्न सकिने छ ।

यदि मैले बेरोजगारी बीमा लाभहरूमा पहुँच प्राप्त गर्दैछु भने मैले यी भुक्तानीहरू रिपोर्ट गर्नुपर्छ ?

पर्छ । यद्यपि यी भुक्तानीहरू रोजगारीको एप्रकार नभए तापनि, भर्मोन्ट डिपार्टमेन्ट अफ लेबर (श्रम विभाग) ले ती भुक्तानीहरूलाई पारिश्रमिकको रूपमा गणना गर्ने भनेर निर्धारण गरेको छ र तिनीहरूलाई बेरोजगारी बीमा लाभहरूको लागि फाइलिङ गर्दा रिपोर्ट गर्नै पर्छ ।

के म आफ्नो नियमित पर्सनल केयर अटेन्डेन्ट (PCA) लाई भुक्तानी गर्नका लागि COVID फारमहरू बुझाउन सक्छु ?

सक्नुहुन्न । CPCS COVID भुक्तानीहरू प्रायः व्यक्तिगत स्याहार सेवाहरू प्रदान गर्नका लागि भुक्तानी गर्नबाट निषेध गरिएका अभिभावक तथा परिवारका सदस्यहरूको लागि मात्र हो । परिवारले नियुक्त गरेको PCA ले सामान्य तरिकाले नै टाइमशिटहरू बुझाइरहन सक्छन् ।

## कार्यक्रममा आएका अन्य परिवर्तनहरू

CPCS ले बच्चाहरूको विनियोजन उनीहरूको हालको साप्ताहिक तहमा 6 महिनाको लागि विस्तार गरिरहेको छ । हामी तपाईंलाई अर्को आवेदन दिनुपर्ने या नपर्ने बारेमा सूचित गर्नेछौँ ।

यदि तपाईंको बच्चाको निजी स्याहार सेवाहरूको अन्तर्निहित आवश्यकतामा परिवर्तन आएको छ भने, अझै पनि आवेदन प्रक्रियामा केही संशोधनहरू सहित पुन: आवेदनहरू समीक्षा गर्न सकिनेछ । नयाँ आवेदनहरूको पनि समीक्षा हुँदैछ ।

कृपया ध्यान दिनुहोस्: COVID-19 महामारीको कारण आइपरेका कुनै पनि थप हेरचाह सम्बन्धी आवश्यकताहरू, आफैंमा, CPCS का लागि बच्चाको आवश्यकतामा परिवर्तन भएको मानिने छैन ।

कुनै प्रश्न भएमा कृपया CPCS कार्यक्रमका कर्मचारीलाई सम्पर्क गर्नुहोस् । यस परिवर्तनले तपाईंको परिवारलाई कसरी असर गरिरहेको छ र हामी कसरी हरेक पारिवारिक परिस्थितिहरू प्रति अझ बढी सतर्क हुन सक्छौँ भन्ने हामी जान्न चाहन्छौँ ।

VERMONT
DEPARTMENT OF HEALTH

## सम्पर्क विवरण:


एडम पलिन, कार्यक्रम व्यवस्थापक802-865-1395 adam.poulin@vermont.gov

जेसिका हिल, CPCS विशेषज्ञ 802-951-5169 jessica.hill@vermont.gov

एन ब्रोन्सन, कार्यक्रम प्राविधिक 802-865-1311 anne.bronson@vermont.gov


## अतिरिक्त जानकारी

ARIS सलुसन्स – मेडिकएड विभाग




ARIS COVID भुक्तानी फारम – भुक्तानी प्राप्त गर्न बीजक पेश गर्नुपर्ने हुन्छ

ARIS अभिभावक/बालबालिका नाता फारम – यदि भुक्तानी पाइरहेको व्यक्तिले पहिले नै ARIS मार्फत रोजगारदाताको रूपमा दर्ता गरेको छैन भने मात्र आवश्यक छ

ARIS CPCS भुक्तानी चक्र – यसमा महत्त्वपूर्ण मिति र समयसीमाहरू सूचीवद्ध गरिएको हुन्छ

**बालबालिकाको निजी स्याहार सेवा** – मुख्य वेबसाइट

VERMONT
DEPARTMENT OF HEALTH

## ARIS फारामहरू भर्नका लागि निर्देशनहरू:

ARIS COVID Payment Forms (ARIS कोभिड भुक्तानी फारामहरू) पाक्षिक भुक्तानी चक्र अनुसार बुझाउनुपर्नेछ

पहिलो पटक पेश गर्दा, लागू हुने मिति मार्च 15, 2020 देखि "catch up" (समेट्न) चाहने अभिभावकले एकभन्दा बढी भुक्तानी अवधि समावेश गर्न सक्नेछन्, तर फाराममा तिनका बारेमा स्पष्टसँग उल्लेख गर्नुपर्छ (भन्नाले, 3/15/20 – 3/28/20, 3/29/20 – 4/11/20, आदि)।

त्यसपछिका फारामहरूमा एक 2-हप्ते भुक्तान अवधि मात्र उल्लेख गर्नुपर्नेछ, एकल वा आंशिक हप्ता, वा दिन-दिनैको **होइन**।

ARIS COVID Payment Forms (ARIS कोभिड भुक्तानी फारामहरू) मा एक (1) बच्चा मात्र समावेश गर्न सकिनेछ

CPCS प्राप्त गर्ने एकभन्दा बढी बच्चाहरूका परिवारले प्रत्येक बच्चाको लागि प्रति भुक्तानी चक्रका लागि अलग-अलग फारामहरू बुझाउनु पर्नेछ

ARIS COVID भुक्तानी फारामहरू (ARIS कोभिड भुक्तानी फारामहरू) मा एक (1) प्रापकमात्र समावेश गर्न सकिनेछ

भिन्नाभिन्नै अभिभावकहरूले भुक्तानीहरू प्राप्त गर्दा (उनीहरूको बच्चाको साताको घण्टा विनियोजनभन्दा बढी हुनुहुँदैन), अलग-अलग फारामहरू बुझाउनु पर्नेछ

यदि भुक्तानी माग गर्ने व्यक्ति बच्चाको CPCS लाभको लागि अभिलेखको लागि रोजगारदाता होइनन् भने ARIS Parent/Child Form ARIS अभिभावक/बालबालिका फाराम पेश गर्नुपर्नेछ।

ARIS सँग भुक्तानी पाउनेको फाराम फाइलमा भइसकेपछि यो फाराम प्रत्येक भुक्तानी चक्रमा बुझाउनु पर्दैन।

VERMONT
DEPARTMENT OF HEALTH

ARIS ले कार्यक्रमद्वारा चिकित्सकीय हिसाबले आवश्यक मानिएको CPCS घण्टाको साप्ताहिक मात्रासम्मको लागि मात्र भुक्तानी दिन सक्नेछ

- बच्चालाई प्रति हप्ता विनियोजन गरेको भन्दा बढी घण्टाको लागि फाराम बुझाएको छ भने, ARIS ले CPCS ले सूचित गरेको प्रति हप्ता घण्टा मिलाउन अनुरोध समायोजित गर्दछ।

- बच्चाको वर्तमान स्वीकृत अवधिमा बाँकी रहेको भन्दा बढी समयको लागि भुक्तानी माग गरेर फाराम पेश गरिएको छ भने, ARIS ले विनियोजित रकममा बाँकी रहेको रकमसम्म मात्र भुक्तानी गर्नेछ।

**पहिले नै टिकट छापिएको फिर्ती खाम र फारामहरूको थप प्रतिलिपिहरू ARIS Solutions (1-800-798-1658) लाई फोन गरेर अनुरोध गरेपछि उपलब्ध हुन्छन्।**